नगर कार्यपालिकाको बैठक बैठक संख्या ६७ मिति २०७६/०५/१५

# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

बैठक संख्या ६७ मिति:२०७६/०५/१५

उपस्थिती

| | | | | |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | उप प्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भूर्तेल | सचिव | |
| ४ | वडाध्यक्ष | श्री गजाधर खतिवडा | सदस्य | |
| ५ | वडाध्यक्ष | श्री रघुनाथ खनाल | सदस्य | |
| ६ | वडाध्यक्ष | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ७ | वडाध्यक्ष | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ८ | वडाध्यक्ष | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ९ | वडाध्यक्ष | श्री लोकनाथ गौतम | सदस्य | |
| १० | वडाध्यक्ष | श्री नवराम ढुङ्गाना | सदस्य | |
| ११ | वडाध्यक्ष | श्री गोपीचन्द्र गौतम | सदस्य | |
| १२ | वडाध्यक्ष | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १३ | वडाध्यक्ष | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| १४ | वडाध्यक्ष | श्री भैरवबहादुर खड्का | सदस्य | |
| १५ | सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| १६ | सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| १७ | सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| १८ | सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| १९ | सदस्य | श्री दिलमाया शिवा | सदस्य | |
| २० | सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| २१ | सदस्य | श्री खिनमान दास | सदस्य | |
| २२ | सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| | आमन्त्रित सदस्य | श्री विजय कुमार शर्मा | प्रशासन प्रमुख | |

नगर कार्यपालिकाको बैठक बैठक संख्या ६७ मिति २०७६/०५/१५

मिति २०७६ साल भाद्र १५ गते बसेको नगर कार्यपालिकाको बैठकका निर्णयहरु

१. आगामी मिति २०७६ साल आश्विन ३ गते संविधान दिवश मनाउने सन्दर्भमा अर्जुनधारा नगरपालिकाका सबै सरकारी ,गैरसरकारी संघसंस्थाहरु विद्यालय तथा सबै नगरवासीलाई आश्विन २ ,३ र ४ गते दीपावली तथा सरसफाइ कार्यक्रम गर्न अनुरोध गर्ने ।

साथै,नगर कार्यपालिका कार्यालयको परिसरमा वृक्षारोपण कार्यक्रम आयोजना गर्ने ,विभिन्न संघ संस्था राजनैतिक दल,विद्यालय तथा कर्मचारी एवं जनप्रतिनिधि समेतको सहभागितमा कार्यालयबाट शनिश्चरे बजार सम्म प्रभात फेरी आयोजना गर्ने र विभिन्न शहिद परिवार तथा योद्धाहरुलाई सम्मान गर्ने ।

संविधान दिवशको अवसरमा नगरपालिका भित्र रहेका पर्यटकिय स्थलहरुको भ्रमणमा आउने आगन्तुकहरुलाई प्रवेश शुल्कमा विशेष छुट दिन अनुरोध गर्ने ।

२. मदन भण्डारी राजमार्ग आयोजना अन्तर्गत अर्जुनधारा नगरपालिका वडा नं १ ,२ र ३ मा पर्ने सडकको क्षेत्राधिकार भित्र रहेका संरचनाहरु हटाउने सम्बन्धमा उक्त क्षेत्रका सरोकारवालाहरुसँग छलफल गरी सम्बन्धित वडाहरुबाट प्रतिवेदन प्राप्त भए पश्चात प्रक्रिया अघी बढाउने ।

३. चालु आर्थिक वर्ष २०७६/७७ का लागि स्वीकृत बजेट अनुसार विनियोजित योजनाहरु अन्तर्गत शीर्षक तथा प्रकृति मिल्दो योजनाहरुको शीर्षक एकिकृत गरी योजनाहरु सञ्चालन गर्ने ।सोका लागि नगर प्रमुख उप प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने ।

४. सेप्टेम्बर ८ मा पर्ने अन्तराष्ट्रिय साक्षरता दिवश तथा राष्ट्रिय शिक्षा दिवश अर्जुनधारा नगरपालिकामा समेत भव्यताका साथ मनाउन तथा सोको आवश्यक व्यवस्थापन गर्न सामाजिक विकास समितिका संयोजकको संयोजकत्वमा शिक्षक महासंघ र प्याब्सनका प्रतिनिधि सदस्य र शिक्षा शाखाका अधिकृत( छैठौँ ) श्री चुडामणि निरौला सदस्य सचिव रहने गरी एक समिति गठन गर्ने ।

५. प्रधानमन्त्री सुपर जोनको समितिमा यस नगरपालिकाबाट प्रतिनिधित्व गर्न श्री विन्दा लुइटेललाई मनोनयन गरी पठाउने ।

६. अर्जुनधारा नगरपालिका भएर बहने नदिहरुबाट नदिजन्य सामाग्री उत्खनन गर्ने सम्बन्धमा गरिएको गत वर्षको आइइइ प्रतिवेदनलाई सम्बन्धित विज्ञहरुबाट निरिक्षण गरी आएको प्रतिवेदनमा गत वर्षको बाँकी चालु वर्षको सञ्चिति निकासीका लागि तोकिएको मात्रामा उत्खनन गर्न नियमानुसार ठेक्का प्रक्रिया अघि बढाउने ।

७. यस नगरपालिकाको नगर कार्यपालिकाको नियमित बैठक अर्को महिनाबाट प्रत्येक महिनाको ५ गते (सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट ) नगर कार्यपालिकाको कार्यालयमा बस्ने ।उक्त बैठकमा नगरपालिकाका सबै शाखा तथा वडा कार्यालयहरुको मासिक प्रगति प्रतिवेदन उपर समेत छलफल गरिने भएकाले प्रत्येक महिनाको ३ गते सम्म पेश गर्ने ।

हरी कुमार राना मगर
नगर प्रमुख

८. यस नगरपालिकाबाट सञ्चालन गरिने योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गर्दा कुल लागतको १० प्रतिशत नगद उपभोक्ता समिति मार्फत बैंक जम्मा भए पश्चात मात्र सम्झौता गर्ने ।

९. सम्मानित उच्च अदालतको इलाम इजलासको मिति २०७६/०५/०८ को २०७६/०४/२९ को अन्तरिम आदेशलाई उच्च सम्मान गर्दै नगर कार्यपालिका कार्यालयका उप सचिव श्री तोयानाथ रेग्मीलाई पूर्ववत जिम्मेवारी दिने ।

१०. यस नगरपालिकामा प्राप्त शिक्षण अनुदान कोटा अन्तर्गत शिक्षक नियुक्तिका लागि प्रक्रिया रोकिएकामा उक्त प्रक्रिया पुनःसुचारु गर्न वडा अध्यक्ष श्री लोकनाथ गौतमको संयोजकत्वमा अधिकृत (सातौं) श्री विजयकुमार शर्मा र अधिकृत (छैठौं) श्री चुडामणि निरौला सदस्य रहेको एक समिति गठन गर्ने ।

११. यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा बजेट विनियोजन भई सञ्चालन हुने आयोजनाहरुको वडा कार्यालय,नगरपालिका लगायतका निकायहरुमा गर्नुपर्ने योजना सम्बन्धि कामकाजका लागि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा पदाधिकारी मार्फत गर्न गराउन आवश्यक व्यवस्था गर्ने ।

१२. अर्जुनधारा नगरपालिकाको भूमि व्यवस्थापन नीतिलाई बजार,आवास क्षेत्र उद्योग वनजंगल,विद्यालय तथा नम्बरी तथा ऐलानी जग्गाहरु समेतलाई मध्यनजर गर्दै मालपोत तथा सम्पत्ति करका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन दिन देहाय बमोजिमको समिति गठन गर्ने सर्वपक्षीय बैठकको निर्णय अनुमोदन गर्ने ।

| | |
|---|---|
| नगर उप प्रमुख | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| नेपाल कम्युनिष्ट पार्टि (नेकपा) अर्जुनधारा अध्यक्ष | सदस्य |
| नेपाली कांग्रेस,अर्जुनधारा,सभापति | सदस्य |
| उद्योग वाणिज्य संघ प्रतिनिधि | सदस्य |
| श्री लवकुस गिरी | सदस्य |
| श्री दिलिप राई | सदस्य |
| श्री श्रृजलाल चौधरी | सदस्य |
| श्री विक्रम आचार्य | सदस्य |

नगर कार्यपालिकाको बैठक बैठक संख्या ६७ मिति २०७६/०५/१५

| | |
|---|---|
| श्री अम्बिका खतिवडा | सदस्य |
| सम्बन्धित वडाका अध्यक्ष | सदस्य |
| राजश्व शाखा प्रमुख | सदस्य सचिव |

१३. ईलाका प्रहरी कार्यालय,अनारमनीको अर्जुनधारा क्षेत्रको गस्तीमा प्रयोग हुने सवारी साधन मर्मतका लागि सहयोग माग भई आएकामा उक्त सवारी साधन शनिश्चरे प्रहरी चौकी मै रहने गरी बिल भरपाइ बमोजिम भुक्तानी हुने गरी एक पटकका लागि रु १ लाख मात्र विनियोजन गर्ने ।साथै,नगरपालिकाको तर्फबाट प्रहरी कार्यालयहरुलाई प्रदान गरिएका मोटरसाइकल फिर्ता गर्न र प्रहरीको सवारी साधनमा प्रयोग हुने इन्धन आफैँ व्यवस्था गर्न अनुरोध गर्ने ।

१४. यस नगरपालिकामा रहेका हेभी उपकरणहरुलाई पालो मिलाइ प्रत्येक वडामा ६ दिनका दरले खटाइ पठाउने ।

१५. यस नगरपालिका हुँदै नदिजन्य सामाग्री ढुवानी गर्ने सवारी साधनहरुलाई प्रति ट्याक्टर रु ५०/-,प्रति ट्रिपर रु १५०/- र प्रति हाइवा रु ३००/- पूर्वाधार प्रयोग शुल्क संकलन गर्न प्राविधिक ,राजश्व तथा प्रशासन शाखाबाट प्राप्त प्रतिवेदन अनुरुप न्यूनतम बोलपत्र अंक रु ५२,२५,०००/- (बाउन्न लाख पच्चिस हजार मात्र ) कायम गरी ई बिडिङ्ग मार्फत ठेक्का आह्वान गर्ने ।

१६. यस नगरपालिकाको सडक अधिकार क्षेत्र (सेटब्याक) मा पूर्णरुपमा रहेका संरचनाहरुको सम्पत्ति कर नलिने ।सेटब्याकसँग जोडिएका वा आंशिक भागमा रहेका जग्गाहरुको मालपोत तथा संरचनाको सम्पत्ति कर असुल गर्ने ।

१७. अर्जुनधारा नगरपालिकाका वडा नं २ र ६ को कार्यालय भवन निर्माणका लागि जिसस कोषबाट रु ४० लाखका दरले रु ८० लाख रकम विनियोजन भएकामा वडा कार्यालय भवनको लागत स्टमेट अनुसार प्रति भवन लागत रु १,३७,६६,९२६.४२ ( अक्षेरुपी एक करोड सैतिस लाख छैसट्ठी हजार नौ सय छब्बिस रुपैया बयालिस पैसा मात्र ) का दरले कुल रु २,७५,३३,८५२.८४ (अक्षेरुपी रु दुई करोड पचहत्तर लाख तेत्तिस हजार आठ सय बाउन्न रुपैया चौरासी पैसा मात्र ) लागत देखिएको र यस नगरपालिकाको चालु आर्थिक वर्षको स्वीकृत बजेटबाट रु ९० लाख विनियोजन भएकोमा बाँकी रकम आगामी आर्थिक वर्षमा भुक्तानी हुने गरी श्रोतको सुनिश्चितता गरी योजना सम्झौता गर्ने ।

१८. कर तथा राजश्व सम्बन्धि विस्तृत छलफलका लागि २०७६/०५/२४ गतेका दिन आन्तरिक राजश्व कार्यालय,मालपोत कार्यालय तथा अन्य कर सम्बन्धित कार्यालयहरुका प्रतिनिधिहरुसँग नगरपालिकाको छलफल कार्यक्रम आयोजना गर्ने ।

१९. प्रदेश समपूरक अनुदान सम्बन्धि कार्यविधि २०७५ बमोजिम प्रदेश सरकार र यस नगरपालिकाको लागत साझेदारीमा शनिश्चरे बजारबाट पश्चिम टाङटिङ्ग हुँदै दहिझोडा जाने मदन आश्रित मार्ग कालोपत्रे आयोजना सञ्चालन गर्ने सिफारिस गरी पठाउने ।

हरि कुमार राजा मगर
नगर प्रमुख